# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४७) काठमाडौं, वैशाख १६ गते २०५४ साल (संख्या ३

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले मुद्रा ऐन, २०४० को दफा ४ ले दिएको अधिकार प्रयोग गरी संयुक्त राष्ट्र संघ स्थापनाको ५० औं वर्षको उपलक्ष्यमा निम्न डिजाइन नापतौल अनुरूपको स्मारिका सिक्का टकमरी गरी निष्काशन गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिएकोले यो सूचना प्रकाशित गरिएको छ ।

रू १।– को सिक्का

अग्रभाग : वरिपरि ६४ थोप्लाभित्र श्री श्री चन्द्र, सूर्य, शंक, चक्र, गदा, पद्म र तल्लो भागमा २०५२ रही स्वस्तीक चिन्हभित्र श्री ५ वीरेन्द्र वीर विक्रम शाहदेव र बीचमा त्रिशूल चिन्ह रहनेछ ।

पृष्ठ भाग : वरिपरी ६४ थोप्लाभित्र माथि बाँयातर्फ नेपालीमा नेपाल र दायाँ तर्फ अंग्रेजीमा NEPAL, बीचमा संयुक्त राष्ट्र संघको लोगो र त्यसको दायाँतर्फ ५०, त्यसको मुनि सिधा रेखामा अंग्रेजीमा 1945-1995 रही त्यसको तल बायाँतर्फ नेपालीमा रू. १ र दायाँतर्फ RE 1 उल्लेख भई सबभन्दा तल अर्धगोलाकार रूपमा अंग्रेजीमा 50th Anniversary of the United Nations अंकित रहनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पेसिफीकेशन

सिक्का

| | |
|---|---|
| दर | रू १।– |
| तौल | –२८.२८ ग्राम |
| व्यास | –३८.६१ मि.मि. |
| धातु | क्यूप्रोनिकल |
| सिरेशन | –साधा |
| आकार | –गोलो |
| न्यूनतम टकमरी | –१०,००० थान |
| अधिकतम टकमरी | –१,००,००० थान |

आज्ञाले,
राधविनोद भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२